# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## ६ नं. प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति : २०७४/१२/१५

पत्र संख्या : २०७४/०७५
चलानी नम्बर : ६८७

**विषय : घर टहरा हटाउने सम्बन्धी अत्यन्त जरुरी सुचना ।**

**श्री आठविसकोट नगरपालिका वडा नं. ९, राडिबजार स्थित**

**सरोकारवाला सबै ।**

यस आठविसकोट नगर कार्यपालिकाको निर्णयानुसार यस नगरपालिका अन्तर्गतका सडकहरुको वर्गीकरण भई नगरपालिका क्षेत्रमा पर्ने सडकको क्षेत्राधिकार (ROW) र सेटव्याक सम्बन्धी विषय यसअघि नै टूंगी सकेको छ । सो सम्बन्धमा वडा नं. ९ स्थित नेत्रचोकदेखि राडिज्यूला शिक्षा क्याम्पस जाने सडकको क्षेत्राधिकार(ROW) १४(चौध) मिटर र सेटव्याक २/२ मिटर तथा नेत्रचोकदेखि प्रहरी चौकी हुँदै पुलतिर जाने सडकको क्षेत्राधिकार(ROW) ६(छ) मिटर र सेटव्याक १/१ मिटर कायम भएकोले सो सडकहरुको क्षेत्राधिकारभित्र पर्ने सम्पुर्ण घर टहराहरु हटाउनु भनि ३५(पैंतिस) दिने सूचना यस अघि नै प्रकाशन भई घर बाहेकका संरचना हटाई सकिएको छ । सडकको क्षेत्राधिकारभित्र पर्ने घरहरुका घरधनीहरुको पीर मर्कालाई समेत मनन गरी निजहरुको आवश्यक बसोवासको व्यवस्थापनको लागि थप समय दिईएकोमा केही घरधनीहरुले सडकको क्षेत्राधिकारमा पर्ने घरहरु हटाईरहेको अवस्था छ भने केही घरधनीहरुले अझैं संरचना नहटाई अटेरी गरिरहेको अवस्था छ । हटाउनुपर्ने घरहरुमा रातो चिन्ह समेत लगाई सकिएको छ । उक्त रातो चिन्ह लगाईएका घरको सम्बन्धमा तपसिल बमोजिम गर्नु गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## तपसिल

**१. रातो चिन्ह लगाइएका घरहरु यो सुचना प्रकाशन भएको मितिले एक महिना अर्थात् २०७५ वैशाख १५ गतेभित्र हटाईसक्ने ।**

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम )
## ६ नं. प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८

मिति : २०७४/१२/१५

पत्र संख्या : २०७४/०७५
चलानी नम्बर : ६८७

२. रातो चिन्ह लगाएको स्थानबाट दुवै तर्फ वडा नं. ९ स्थित नेत्रचोकदेखि राडिज्यूला क्याम्पस जाने सडकको क्षेत्राधिकार(ROW) १४(चौध) मिटर र सेटव्याक २/२ मिटर तथा नेत्रचोकदेखि प्रहरी चौकी हुंदै पुलतिर जाने सडकको क्षेत्राधिकार(ROW) ६(छ) मिटर र सेटव्याक १/१ मिटर भएकोले सडकको क्षेत्राधिकार र सेट ब्याक खाली राख्ने अर्थात् कुनै पनि संरचना बांकी नराख्ने ।

३. कसैले पनि राडीबजार तथा सिमबजार क्षेत्र र अन्य नगरपालिका क्षेत्रभित्रका स्थानहरुमा नक्सापास नगरी घर नबनाउने र बनाईरहेको भए काम रोकी नगरपालिकामा यो सुचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र उपस्थित हुने ।

४. माथि उल्लेखित बुंदा नं. १ र २ बमोजिम तोकिएको समयावधिभित्र सडकको क्षेत्राधिकारभित्र पर्ने घर तथा संरचनाहरु नहटाएमा नगरपालिका स्वयम्ले हटाई सो संरचना हटाउन लागेको खर्च समेत निजहरुबाट असुलउपर गरिने ।

५. बुंदा नं. ३ अनुसार नक्सापास नगरी बनाईरहेका घरहरु माथि उल्लेखित अवधिभित्र नगरपालिकामा सम्पर्क गरी नक्सापासको प्रवन्ध नगरेमा ती बनाईरहेका घरहरु समेत हटाईने ।

६. सडकमा सवारी आवतजावतमा असर पुग्ने गरी कसैले पनि कुनै पनि प्रकारको निर्माण सामग्रीहरु नराख्ने । यदी सार्वजनिक सडकमा कोही कसैले कुनै पनि प्रकारको निर्माण सामग्री राखेको पाईएमा रु. १५,०००।०० (पन्ध्र हजार रुपैयां) सम्म जरिवाना गरिने ।

पुनश्च : सुचनाको सम्बन्धमा केही अस्पष्टता वा द्विविधा भएमा नगरपालिकामा सम्पर्क गर्न सकिनेछ ।

..............................
रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत